


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

**मास्क लागाऔं, कोरोनाबाट सुरक्षित बनौं**

-नाक र मुख ढाकिने गरी मास्क लगाऔं,
-मास्कलाई सकेसम्म नछोऔं,
-एउटै मास्क लामो समयसम्म प्रयोग नगरौं, कोरोनाबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

❑ वर्ष २२ ❑ अङ्क २७९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ कार्तिक ११ गते बिहीबार ❑ 28 Oct. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## मादीका बाढी पीडितलाई प्रदेश सरकारको राहत

**पोखरापत्र संवाददाता**
**पोखरा, १० कार्तिक**

गण्डकी प्रदेश सरकारले कास्कीको मादी गाउँपालिका १, सोंदा र आसपासका बाढीपीडितलाई राहत रकम प्रदान गरेको छ। गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल बुधबार सोंदामै पुगेर राहत रकम हस्तान्तरण गरेका हुन्।



असार १ गते मादी नदीमा आएको बाढीले घरबाट पूर्ण क्षति पुऱ्याएका ११ घर परिवारलाई जनही १ लाख रुपैयाँका दरले मुख्यमन्त्री पोखरेलले राहत हस्तान्तरण गरेका हुन्। बाढी पहिरोले घर पूर्ण क्षति पुऱ्याउनेहरुलाई मनाङको हकमा २ लाख र अरु जिल्लाका हकमा १ लाख रुपैयाँ उपलब्ध गराउने निर्णय प्रदेश सरकारले गरेको थियो । भौमाया जैशी, चित्रकुमार गुरुङसेनी, टेकबहादुर गुरुङ, पुष्पा गुरुङ, हर्कबहादुर गुरुङ, लक्ष्मी गुरुङ, चित्रबहादुर गुरुङ, बोधराज बराल, हुमप्रसाद गुरुङ, केशबहादुर गुरुङ, दूधराज गुरुङलाई उक्त अवसरमा राहत प्रदान गरिएको हो। कार्यक्रममा मुख्यमन्त्री पोखरेलले प्रदेश सरकार जहिले पनि नागरिकको सुख दुखमा सँधै साथमा रहेको बताए । उनले भने, '३ तहका सरकारका आआफ्नै दायित्व र अधिकार क्षेत्र छन्, प्रदेश सरकारले आफ्नो क्षेत्रभित्र रहेर क्षमताले धानेसम्म दायित्व निर्वाह गर्न तत्पर छ।' आफू सरकारको नेतृत्वमा आएलगत्तै बाढीपहिरोको प्रकोप सुरु भएको स्मरण गर्दै उनले पीडितलाई तत्काल राहत प्रदान गर्नेदेखि स्थायी रुपमा समस्या समाधानका लागि सरकार प्रतिबद्ध रहेको भनाए राखे। बाढी पहिरोले मादीमा धेरै क्षति भएको आफूले देखिसकेको भन्दै उनले बाढी लगत्तै बाटोघाटो खुलाउनका लागि केही रकम प्रदान गरेको र अब पनि थप रकमका लागि पहल गर्ने प्रतिबद्धता जनाए। विकास र सहयोगका काममा कसैले पनि राजनीति गर्न नहुने उनले बताए। चुनाव लड्ने बेलामा आफ्ना राजनीतिक एजेन्डा राख्ने कुरा स्वाभाविक भए पनि चुनाव जितेपछि नागरिककै सेवामा प्रतिबद्ध रहनुपर्ने उनको भनाइ थियो।

कार्यक्रममा बिना विभागीय मन्त्री डोवाटे विश्वकर्माले २०७२ सालको भूकम्पपछि मुलुकमा धेरैथरी विपत्ती आएको भन्दै यी विपत्तीलाई सामना गर्न सबै एक भएर लाग्नुपर्नेमा जोड दिए। पूर्वमन्त्री एवं नेपाली कांग्रेसका नेता यज्ञबहादुर थापाले मुख्यमन्त्रीले पीडितको घरदैलोमै पुगेर राहत वितरण गर्दा नागरिकले प्रदेश सरकारको अनुभूति गरेको बताए। बाढीले क्षति पुऱ्याएका संरचनाको पुनर्निर्माण र बाटोघाटोको प्रवन्धका लागि उनले ध्यानाकर्षण गराए । असारको सुरुमै सिक्लेसको पहिरोले परी भेडीगोठमा क्षति पुगेको भन्दै राहतको लागि प्रदेश सरकारसँग आग्रह गरे। गण्डकी प्रदेश सभामा माओवादी केन्द्रका तर्फबाट प्रमुख सचेतक गायत्री गुरुङले बाढी आएदेखि नै आफूहरुले मुख्यमन्त्रीको ध्यानाकर्षण गराएको भन्दै ढिलै भए पनि राहत वितरण हुँदा खुसी लागेको बताइन् । समस्याको दीर्घकालीन रुपमा समाधान गर्न आफूले पहल गर्ने प्रतिबद्धता उनले जनाइन्। संविधान सभा सदस्य तेजकुमारी पौडेलले बाढीले क्षति पुऱ्याएपछि आफूहरु स्थलगत अनुगमनमा पुगेको र राहतका लागि पहल गरेको उल्लेख गरिन्।

गण्डकी प्रदेशका प्रमुख सचिव डा. दामोदर रेग्मीले प्रक्रिया पूरा गर्ने क्रममा राहत वितरण गर्न केही ढिलाइ भएको बताए । बाढीपहिरोले घर पूर्ण क्षति पुऱ्याउनेका हकमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले पनि रकम उपलब्ध गराउने भएकाले यसका लागि जनप्रतिनिधिले पहल गरिदिन आग्रह आग्रह गरे । उक्त अवसरमा कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी अनिल शाही, मादी गाउँपालिका १ का वडाध्यक्ष सुरज गुरुङ, वडा नम्बर ७ का वडाध्यक्ष लालबहादुर गुरुङ लगायतले बोलेका थिए।

## अदालतको परमादेशले संविधान र लोकतन्त्र बचाएको छ : प्रम देउवा

**रासस**
**काठमाडौं, १० कार्तिक**

प्रधानमन्त्री शेरबहादुर देउवाले अदालतको परमादेशले संविधान र लोकतन्त्र बचाएको बताउनुभएको छ।

नेपाली कांग्रेसको भ्रातृ संस्था नेपाल तरुण दलको ६८औं स्थापना दिवसका अवसरमा नेपाल तरुण दल केन्द्रीय कार्यसमितिले बुधबार यहाँ आयोजना गरेको कार्यक्रममा कांग्रेस सभापतिसमेत रहनुभएका प्रधानमन्त्री देउवाले अदालतको परमादेशले संसद्, संविधान र लोकतन्त्र बचाएको बताउनुभएको हो । "केपी शर्मा ओलीलाई संसद् भङ्ग गर्ने अधिकार संविधानले दिएको थिएन, संविधानले नदिएको अधिकारलाई दुई/दुईपटक प्रयोग गर्दा सर्वोच्च अदालतले संविधान बचाएको हो," उहाँले भन्नुभयो। पाँच दलको गठबन्धनबाट बनेको सरकारसँग स्पष्ट बहुमत रहेकाले जनादेश छैन भन्नुको कुनै अर्थ नरहेको प्रधानमन्त्री देउवाले बताउनुभयो । प्रधानमन्त्री देउवाले प्रधानन्यायाधीश र अदालतका बारेमा सरकार र आफ्नो पार्टीले केही नबोल्ने बताउनुभयो । उहाँले भन्नुभयो, "यो अदालतभित्रको कुरा हो, उसैले यसको समाधान निकाल्न सक्छ।" उहाँले उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्रीबाट भर्खरै राजीनामा दिएका गजेन्द्र हमाल कांग्रेसकै नेता भएको समेत स्पष्ट पार्नुभयो । प्रधानमन्त्री देउवाले पार्टीको १४औं महाधिवेशनलाई सफल बनाउन तरुण युवाको महत्वपूर्ण भूमिका रहेको बताउनुभयो।

सो अवसरमा नेपालको लोकतान्त्रिक आन्दोलनमा अनवरत योगदान गर्दै देशलाई सक्षम नेतृत्व दिनुभएका युवाहरूका प्रेरणाका स्रोत प्रधानमन्त्री तथा पार्टी सभापति देउवालाई तरुण दलका अध्यक्ष जीतजङ्ग बस्नेतले अभिनन्दन पत्र प्रदान गर्नुभएको थियो। कार्यक्रममा तरुण दलका पूर्वाध्यक्ष एवं गृहमन्त्री बालकृष्ण खाँणले पार्टीलाई सबल, सुदृढ र सफल बनाउन तरुण युवाको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्नुभयो। "कांग्रेसको महत्वपूर्ण खम्बा भनेको तरुण हो, पार्टी बलियो बनाउन तरुण, युवाहरू एकजुट र बलियो हुनुपर्छ," उहाँले भन्नुभयो। गृहमन्त्री खाँणले लोकतन्त्र र संविधानको रक्षा गर्नका लागि वर्तमान गठबन्धनको सरकार निर्माण भएको बताउँदै यसलाई सफल बनाउन तरुण युवाको उत्तिकै भूमिका रहेको स्पष्ट पार्नुभयो । कांग्रेसले आफ्ना पार्टीका नेतालाई आलोचना गर्ने परिपाटीको अन्त्य भएमात्र पार्टीले आगामी निर्वाचनमा विजय हासिल गर्न सक्ने बताउनुभयो। कार्यक्रममा खानेपानी तथा सरसफाइमन्त्री उमाकान्त चौधरीले लोकतन्त्रको रक्षा तथा पार्टीको विचारलाई संस्थागत गर्न र पार्टीले दिएको जिम्मेवारी पूरा गर्न तरुण युवाहरू लाग्नुपर्ने बताउनुभयो। उहाँले तरुण दलले पूर्णता नपाएकामा चिन्ता व्यक्त गर्दै हाम्रो र राम्रो कांग्रेस निर्माणका लागि युवाहरू एकजुट हुन आग्रह गर्नुभयो। युवाहरू देशको भविष्य र सम्पत्ति भएकाले यसलाई सही ढङ्गले परिचालन गर्नुपर्ने उहाँको भनाइ थियो। तरुण दलका पूर्वाध्यक्ष एवम् पूर्वमन्त्री महेन्द्र यादवले पार्टीलाई बलियो बनाउन तरुण दल एकजुट र क्रियाशील हुनुपर्नेमा जोड दिँदै आगामी निर्वाचनमा कांग्रेसलाई बहुमत दिलाउन तरुण युवाको महत्वपूर्ण भूमिका रहेको बताउनुभयो। तरुण दलका अध्यक्ष जीतजङ्ग बस्नेतले पार्टीलाई बलियो बनाउन र अन्याय, विकृति र विसङ्गतिकाविरुद्ध सधैँ तरुण दल खरो भएर उभिने बताउनुभयो। कार्यक्रममा गृहमन्त्री खाँण र खानेपानी तथा सरसफाइमन्त्री चौधरीलाई सम्मानपत्रद्वारा सम्मान गरिएको थियो। यस्तै दलका पूर्वाध्यक्ष यादव, विनोदप्रकाश कायस्थ, उदयशमशेर राणालाई समेत दोसल्ला ओढाएर सम्मान गरिएको थियो।

कांग्रेसका संस्थापक नेता विश्वेश्वरप्रसाद कोइरालाको सक्रियतामा विसं २०१० कात्तिक १० मा स्थापना भएको नेपाल तरुण दल विसं २०१७ पुस १ मा राजा महेन्द्रले प्रथम जननिर्वाचित प्रधानमन्त्री कोइरालालाई पक्राउ गरेसँगै निष्क्रिय अवस्थामा रहेको थियो । पुनः विसं २०५४ मा तत्कालीन पार्टी सभापति गिरिजाप्रसाद कोइरालाले तरुण दलको पुनर्स्थापना गरेपछि तरुण दलले आफ्नो सङ्गठनलाई विस्तार गर्दै आएको छ।




## एकिकृत समाजवादी ३ महिने अभियानमा

**पोखरापत्र संवाददाता**
**पोखरा, १० कार्तिक**

नेपाल कम्युनिष्ट पार्टि एकिकृत समाजवादी गण्डकी प्रदेश समितिको दोस्रो पूर्ण वैठक बुधबार पोखरामा सम्पन्न भएको छ।

वैठकले पार्टिले सञ्चालन गरेको ३ महिने पार्टि सुद्रिडिकरण अभियानलाई गण्डकी प्रदेशमा व्यवस्थित तरिकाले सञ्चालन गर्ने निर्णय गरेको छ। त्यसको लागि केन्द्रिय सदस्यहरुलाई जिम्वेवारी समेत तोकिएको छ। जस अनुसार कास्की जिल्लामा केन्द्रिय समिति सदस्य गज कुमारी गुरुङलाई कास्की क्षेत्र नं १,कास्की अध्यक्ष तथा केन्द्रिय सदस्य धनराज आचार्यलाई क्षेत्र नं २ र केन्द्रिय सदस्य रत्ना गुरुङलाई क्षेत्र नं ३ को जिम्वेवारी तोकिएको छ। त्यसै गरि पोखरा महानगरपालिकको जिम्वेवारी केन्द्रिय सदस्य कृष्ण नेपालीलाई दिईएको छ । कास्की लगायत अन्य ११ वटै जिल्लाका संघिय निर्वाचन क्षेत्र, प्रदेश सभा निर्वाचन क्षेत्र, नगरपालिका, गाँउ पालिका तथा वडा कमिटी सम्म अभियान सञ्चालन गर्न पार्टिका केन्द्रिय समिति तथा प्रदेश कमिटिका सदस्यहरुलाई इञ्चार्जको जिम्वेवारी समेत तोकेको छ। वैठकमा नेकपा एकिकृत समाजवादीका केन्द्रिय उपाध्यक्ष तथा गण्डकी प्रदेशका इञ्चार्ज केशवलाल श्रेष्ठले नेकपा एमाले दलाल पूजीपतिवर्गको पक्षपोषणमा लागेको र दक्षीणपन्थी भासमा चुर्लुम्मै डुवेको हुनाले पार्टिवाट बिद्रोह गरेर नेकपा एकिकृत समाजवादी पार्टि गठन गर्नुपरेको वताउदै पार्टिलाई गरिव ,मजदूर किसान, श्रमजिवी वर्गमा संगठन विस्तार गर्नुपर्ने वताए । आफ्नो पार्टिका कार्यकर्ताहरुलाई उत्पादन संग जोडिन आग्रह गर्दै श्रेष्ठले हरेक हिसावले एमाले भन्दा एकिकृत समाजवादीका नेता कार्यकर्तामा कम्युनिष्ट आचरण देखिने गरि काम गर्न कार्यकर्तालाई निर्देशन दिए । आगामी चैत्रमा स्थानिय निर्वाचन हुने भएकाले उक्त निर्वाचनमा पार्टिले जित्ने गरि संगठन निर्माणमा लाग्न समेत श्रेष्ठले निर्देशन दिएका थिए।

वैठकले, पार्टिको ३ महिने अभियानलाई व्यवस्थित रुपमा सञ्चालन गर्दै परिणममुखी वनाउने, ५ दलीय गठवन्धनको एकतालाई थप मजभुत वनाउदै यसलाई प्रदेश, जिल्ला र स्थानिय तहसम्म सहकार्य गर्ने वातावरण तयार गर्न ५ दलीय गठवन्धनलार्य अनुरोध गर्ने, जनताले दैनिक रुपमा भोगेका समस्या समाधन गर्दै जन चाहाना अनुसार सरकारका काम कारवाहीलाई जनमुखी वनाउदै केन्द्र सरकार र प्रदेश सरकारलाई काम गर्न अनुरोध गर्ने, हालै वेमौषमी वर्षाका कारण मुलुकका विभिन्न ठाँउमा आएको वाढी पहिरोमा परि ज्यान गुमाउलेहरु प्रति हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दै घाईतेहरुको उपचार, मृतकका परिवारलाई उचित राहत र नोक्सान भएको धान वालीको उचित क्षतीपूर्ति प्रदान गर्न सरकारसंग अनुरोध गर्ने , चाडवाडको समयमा वजारमा क्रितिम अभाव देखाउदै उपभोग्य सामग्रीको मूल्य वृद्धि गर्ने कार्य भईरहेकोले त्यस्ता कार्य तुरुन्त रोक्न सरकार स)ग अनुरोध गर्ने,आउदै गरेको शुभ दिपावली, नेपाल संवत तथा छठ लगायतका पर्वहरुको अवसरमा स्वदेश तथा विदेशमा वसोवास गर्ने नेपालीहरुमा शुभकामना ब्यक्त गर्ने लगायतका प्रस्ताव पारित गरेको स्थायी समिति सदस्य चुडामणि जंगलीले वताए।

पार्टिका गण्डकी प्रदेश अभ्यक्ष तुल वहादुर गुरुङको अध्यक्षतामा भएको वैठकमा स्थायी कमिटी सदस्यहरु चुडामणि जंगली शारदा प्रसाद सुवेदी र रामजी शर्मा, र गण्डकी प्रदेशका सचिव प्रतापलाल श्रेष्ठ उपसचिव द्धय श्रीनाथ वराल, र रेखा वस्याल लगायतले मन्तव्य ब्यक्त गरेका थिए । वैठाका १० जिल्लाका जिल्ला अध्यक्षहरुले जिल्लागत रिपोटिङ गरेका थिए।

# 'अपरिचित अनुहार'मा परम्परा र नवीनता

**पोखरापत्र संवाददाता**
**पोखरा, १० कार्तिक**

आख्यानकार तथा समालोचक महेश पौड्यालद्वारा लिखित कथा सङ्ग्रह 'अपरिचित अनुहार' परम्परा र नविनताको सेतु भएको वक्ताहरूले टिप्पणी गरेका छन् ।

पोखरेली युवा सांस्कृतिक परिवारद्वारा आयोजित कृति परिचर्चा कार्यक्रममा वक्ताले कथा सङ्ग्रहलाई लिएर विभिन्न दृष्टिकोण एवं विचार व्यक्त गर्नुभयो ।

नेपाल सङ्गीत नाट्य प्रज्ञाप्रतिष्ठानका निवर्तमान कुलपति सरुभक्त पौड्याललाई वर्तमान समयका सिर्जनशील, बुहआयामिकता भएको लेखकको रूपमा चर्चा गर्दै अपरिचित अनुहार परम्परा र नविनताको सेतु भएको टिप्पणी गनुभयो ।

समालोचक राजकुमार बानियाँले नेपाली लेखकहरू कथाको नाममा घटनाको मुचुल्का उठाउने वर्तमान समयमा पौड्यालले अपरिचित अनुहारमा त्यसबाट बचेर नेपाली कथामा नयाँ दृष्टि भित्रिएको बताउनुभयो ।

समवेदना र अनुभूतिको कथा लेख्न खप्पिस कथाकार पौड्यालको लेखनमा धेरै सरलता भएको उहाँले टिप्पणी गर्नुभयो । समीक्षक अशोक थापाले 'महेश पौड्यालको व्यक्तिगत संवेगलाई सार्वजनिक संवेगमा परिवर्तन गर्ने प्रवृत्ति जुन कथामा प्रयोग भएको छ, त्यो निकै प्रशंसनीय छ भन्नुभयो । कथाकार महेश पौड्यालले घटनाको मुचुल्का लेख्ने खतरा आफूमा पनि रहेको स्वीकार्दै सदासर्वदा म फरक हुँ भन्ने कुरा भनिर हुनुपर्नेरत्यो लेखनमा पनि परिलक्षित पार्ने बताउनुभयो । शिखा बुक्सद्वारा प्रकाशित 'अपरिचित अनुहार'मा १८ वटा कथा छन् । पुस्तकको मूल्य रु २७५ रहेको छ । पौड्यालको यसअघि 'फुलेन गोदावरी' कथा सङ्ग्रहलगायतका कृतिप्रकाशनमा आइसकेका छन् ।

कार्यक्रममा पोखरेली युवा सांस्कृतिक परिवारका अध्यक्ष मोती भुजेल, कोषाध्यक्ष अर्जुन अधिकारी र सचिव डा चैतन्य अधिकारी लगायतले बोल्नुभएको थियो । 'साहित्य, कला र सङ्गीतको उत्थानः हाम्रो प्रण' भन्ने मूलनाराका साथ २०३४ सालमा स्थापित पोखरेली युवा सांस्कृतिक परिवार गण्डकी प्रदेशको मात्रै नभइ देशकै साहित्य, कला र सङ्गीतको विकासमा ४४ वर्षदेखि सक्रिय छ ।

# गण्डकी प्रदेश एमाले पालिका अधिवेशन : मादी, रुपा र अन्नपूर्णमा सर्वसम्मत

**पोखरापत्र संवाददाता**
**पोखरा, १० कार्तिक**

नेकपा (एमाले)ले कास्कीका तीन पालिकामा सर्वसम्मत नेतृत्व चयन गरेको छ ।

मङ्गलबारदेखि सुरु भएको पहिलो पालिका अधिवेशनमा मादी, रुपा र अन्नपूर्ण गाउँपालिकामा सहमतिमा नेतृत्व चयन गरिएको हो । पोखरा महानगरपालिका र माछापुच्छ्रेमा भने सहमति नहुँदा नेतृत्व चयन हुन सकेको छैन ।

मादी गाउँपालिका कमिटीको अध्यक्षमा बालकृष्ण गुरुङ, उपाध्यक्षमा एकजङ्ग गुरुङ, सचिवमा सुवास सापकोटा र उपसचिवद्वयमा राजु अधिकारी र प्रतिक्षा पौडेल चयन हुनुभएको छ । अन्नपूर्णको अध्यक्षमा विवेक देवकोटा, उपाध्यक्षमा मीनाकुमारी गुरुङ, सचिव मदनप्रसाद पौडेल, सहसचिवमा दानबहादुर केसी र विराज सुवेदीलाई चयन गरिएको छ । यस्तै रुपा गाउँपालिका कमिटी अध्यक्षमा सवाबक्स मियाँ निर्विरोध चयन हुनुभएको एमाले कास्की जिल्ला कमिटीका सचिव दामोदर बैरागीले जानकारी दिनुभयो ।

यसैगरी पोखरा महानगरपालिकामा आजदेखि निर्वाचन प्रक्रिया सुरु हुने बताइएको छ । पोखराको नेतृत्व लिनका लागि दीपक पौडेल, तेजनारायण अधिकारी, दिलीप न्यौपाने र सञ्जीवबहादुर कोइराला आकांक्षी हुनुहुन्छ । सहमति नबन्दा अधिवेशन एक दिनपछि सरेको हो ।

माछापुच्छ्रे गाउँपालिकाको अधिवेशन भने स्थगन गरिएको छ । उद्घाटन समारोहपछि नेतृत्व चयन प्रक्रिया सुरु भएकामा आकांक्षीबीचमा सहमति नजुटेपछि उम्मेदवारको सहमतिमा अधिवेशन स्थगन गरिएको गाउँपालिका अध्यक्ष कर्णबहादुर गुरुङले जानकारी दिनुभयो । अध्यक्षका आकांक्षीबीच छलफल गरेर उहाँहरूबीचको सहमतिअनुसार निर्वाचन प्रक्रिया सुरु हुनेछ । अध्यक्षका लागि विक्रम गुरुङ, महेश्वर दवाडी, यदुराम अधिकारी र पानबहादुर जिसीले मनोनयन दर्ता गराउनुभएको छ ।

# चौथो अभियान भलिबल प्रतियोगिताको सम्पूर्ण तयारी पुरा

**पोखरापत्र संवाददाता**
**पोखरा, १० कार्तिक**



अभियान युवा क्लवको आयोजनामा हुने चौथो अभियान भलिबल प्रतियोगिता बिहीबारदेखि हुदैं छ । पोखरा ५ मालेपाटन बाराही स्कुलको खेल मैदानमा सञ्चालन हुने प्रतियोगितामा कुल १२ टिमको सहभागिता रहेको छ । प्रतियोगितामा राष्ट्रिय तथा प्रदेश स्तरीय खेलाडीले भने सहभागिता जनाउन पाउने छैनन् ।

प्रतियोगितामा विभागीय क्लब सशस्त्र प्रहरी बल कालिका गण, कृस्ती युवा मिलन मञ्च, शान्त भलिबल ट्रेनिङ सेन्टर भकुण्डे, नव सृजनशिल युवा क्लब पुरन्चौर, बियन्का कृषि फर्म तथा पशुपालन मझेरीपाटन, मालेपाटन भलिबल ट्रेनिङ सेन्टर, मट्टीखान युवा क्लव, खुँदी डाँडा युवा क्लब, जागृति युवा क्लव सराङकोट पँदेली, बाराही मावि मालेपाटन, पोखरा टप्स एजुकेशन र मिडियो टिम पोखरा रहेका छन् । प्रतियोगिताका संयोजक तथा क्लब अध्यक्ष राजु गिरीले प्रतियोगिताको सम्पुर्ण तयारी सकिएको बताए । 'भोलिदेखि हुने प्रतियोगिताको सम्पूर्ण तयारी सकिएको छ । कोरोना महामारीले थलिएर बल्ल हामी उठ्दै छौँ । हामीले प्रतियोगितालाई निरन्तरता दिने गरी अघि बढ्न लाग्दा कोरोनाले रोकियो अब भने सफल भएका छौँ' उनले भने,'प्रतियोगिता ३ दिनसम्म चल्ने छ । उनका अनुसार प्रथम हुने टिमले नगद ५५ हजार ५ सय ५५ सहित ट्रफि, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । त्यस्तै द्धित्तिय हुने टिमलाई नगद रु २५ हजार ५ सय ५५ सहित ट्रफि, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै विधागत पुरस्कार तर्फ भने ट्रफि रहेको छ ।

विगत १४ वर्षदेखि क्लवले विभिन्न सामाजिक कार्य वृक्षरोपण, स्वास्थ्य शिविर, स्वास्थ्य सचेतना, तालिम, खेलकुद लगाएतका कार्य गर्दै आएको छ ।

# पोखरामा वडा अध्यक्ष कप बुद्धिचाल प्रतियोगीता हुँदै

**पोखरापत्र संवाददाता**
**पोखरा, १० कार्तिक**

माईन्ड फ्रेस चेस क्लब पोखराको आयोजनामा वडा अध्यक्ष कप बुद्धिचाल प्रतियोगीता २०७८ हुने भएको छ । प्रतियोगीता यहीं कार्तिक १२, १३ र १४ गते हुने आयोजकले जानकारी दिएका छन् । यस्तो प्रतियोगीता पोखरामा पहिलोपटक आयोजना हुन लागेको कार्यक्रम संयोजक तथा माईन्ड फ्रेस चेस क्लब पोखराका संस्थापक अध्यक्ष युवराज भण्डारीको दावी छ । 'पोखरा पहिलोपटक र्‍यापिट रेटिङ गेम गर्न लागेका हौं, यो भन्दा अगाडि यस्तो गेम भएको थिएन, प्रतियोगीताको लागि इन्टरनेशनल आर्केटरहरु पोखरा आउनेछन्' भण्डारीले भन्नुभयो । यो प्रतियोगीता फिडेले मान्यता दिएको प्रतियोगीता भएको उहाँले खुलाउनुभयो । प्रतियोगीतामा ६० भन्दा बढीको सहभागीता हुने आयोजकको अपेक्षा रहेको छ ।

प्रतियोगीतामा भाग लिनको लागि नाम दर्ता गराउन आयोजकले आग्रह गरेका छन् । दर्ता शुल्क स्थानियको लागि ५ सय रुपैया र अन्यको लागि १ हजार रुपैयाँ लाग्नेछ । प्रतियोगीता पोखरा १७ मा रहेको छोरेपाटन माविको प्राङ्गणमा सञ्चालन हुनेछ । प्रतियोगीताको विजेताले १५ हजार रुपैयाँ सिल्ड मेडल तथा प्रमाणपत्रको साथमा प्लाराग्लाईडिङ र बोटिङ गर्ने अवसर पाउनेछ । यस्तै द्धितिय पुरस्कार १० हजार रुपैयाँ सिल्ड मेडल र प्रमाणपत्रको साथमा बोटिङ, तृतिय पुरस्कार ५ हजार रुपैयाँ सिल्ड मेडल र प्रमाणपत्रको साथमा बोटिङ, चौथो पुरस्कार ३ हजार रुपैयाँ मेडल र प्रमाणपत्रको साथमा बोटिङ, पाँचौ पुरस्कार २ हजार रुपैयाँ मेडल र प्रमाणपत्रको साथमा बोटिङ गर्ने अवसर रहेको छ । छैटौ देखि दशौं स्थानसम्मको लागि नगद १ हजार रुपैयाँ मेडल र प्रमाणपत्रको साथमा बोटिङ गर्ने अवसर प्रदान गरिने आयोजकले जनाए । यसका साथै उत्कृष्ट महिला, उत्कृष्ट अनरेटेड, उत्कृष्ट भ्रेन्टान्सलाई जनही २ हजार रुपैयाँ पुरस्कार प्रदान गरिनेछ । पोखरा महानगरपालिका वडा नम्बर १७ को विशेष सहयोगमा आयोजना गरिएको प्रतियोगीतामा बुद्धिचाल संघ कास्की सहयोगी संस्थाको रुपमा रहेको छ । प्रतियोगीताका सम्पूर्ण तयारी पुरा भएको आयोजकको भनाई छ ।

# गण्डकी प्रदेश सरकारद्वारा उद्धार सामग्री हस्तान्तरण

**पोखरापत्र संवाददाता**
**पोखरा, १० कार्तिक**

गण्डकी प्रदेश सरकारले नेपाली सेना र सशस्त्र प्रहरी बललाई विपद् उद्धारसम्बन्धी सामग्री हस्तान्तरण गरेको छ । विभिन्न समयमा आइपर्ने विपत्तिमा सुरक्षाकर्मी नै पहिला खटिनुपर्ने र उनीहरूलाई स्रोतसाधनयुक्त बनाउन सके क्षति कम हुने उद्देश्यका साथ सामग्री हस्तान्तरण गरिएको हो ।

प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले नेपाली सेनाको मध्यकमाण्ड प्रमुख उपरथी विनयविक्रम राणा र सशस्त्र प्रहरी बल मुक्तिनाथ बाहिनीका बाहिनीपति शम्भु सुवेदीलाई विपद् उद्धार सामग्री हस्तान्तरण गर्नुभयो । सुरक्षा र विपद् व्यवस्थापन नेपाली सेना र सशस्त्र प्रहरीको मुख्य दायित्व भएकाले ती निकायलाई सुविधा सम्पन्न गराउन प्रदेश सरकार हरसम्भव प्रयासरत् रहेको उहाँले बताउनुभयो ।

प्रदेशको क्षमताअनुसार सुरक्षा निकायलाई स्रोतसाधनयुक्त बनाउने प्रयासमा सरकार रहेको उहाँले बताउनुभयो । मुलुकमा विभिन्न समयमा आइपर्ने विपत्तिमा जहिल्यै अगाडि खट्ने सुरक्षाकर्मीप्रति जहिल्यै सम्मान व्यक्त गर्नुपर्ने भन्दै उहाँले कोभिड महामारीका बेलामा समेत सुरक्षाकर्मी अग्रपङ्क्तिमा खटिएको स्मरण गर्नुभयो ।

नेपाल मात्र नभएर विश्वका विभिन्न मुलुकमा शान्ति स्थापनाका लागि समेत नेपाली सुरक्षाकर्मीको भूमिका उल्लेखनीय रहेको मुख्यमन्त्री पोखरेलले चर्चा गर्नुभयो । ती सामग्रीको खरिद मूल्य करिब ८० लाख रुपैयाँ छ । गण्डकी प्रदेश सरकारका बिना विभागीय मन्त्री डोबाटे विश्वकर्माले सीमा सुरक्षासहित कानून कार्यान्वयन र विपद् व्यवस्थापनमा सुरक्षाकर्मीले उल्लेखनीय भूमिका निर्वाह गरेको भन्दै प्रशंसा गर्नुभयो ।

प्रदेशका प्रमुख सचिव डा दामोदर रेग्मीले गण्डकी प्रदेश सरकारले बर्खा अगावै यी सामग्री हस्तान्तरण गर्न चाहेको भए पनि खरिद प्रक्रियामा केही ढिलाइ भएको बताउनुभयो । जतिखेर पनि आइपर्ने विपद्‌बाट हुने जनधनको क्षति कम गराउनका लागि यी सामग्री उपयोगी सिद्ध हुने उहाँको भनाइ छ ।

भूकम्प, आगलागी, बाढीपहिरो, सडक दुर्घटना, खोंचमा हुने दुर्घटनाबाट बचाउन प्रयोग गरिने १६ प्रकारका एक सय ८० थान सामग्री हस्तान्तरण गरिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका उपसचिव मुक्तिनारायण भण्डारीले जानकारी दिनुभयो ।

# सिंहदरबारमा एक राउण्ड गोली फायर

**रासस**
**काठमाडौं, १० कार्तिक**

चेकजाँचको क्रममा आज मध्याह्नमा सिंहदरबारभित्र एक राउण्ड गोली फायर भएको छ ।

राष्ट्रियसभाका उपाध्यक्ष शशीकला दाहालको निजी सुरक्षा गार्ड प्रहरी सहायक निरीक्षक अनुपमा भारतीको साथमा रहेको पेस्तोलबाट एक राउण्ड गोली फायर भएको हो । संसद् सचिवालयको भवन नम्बर २ मा उक्त घटना भएको र त्यसबाट मानवीय क्षति नभएको जनाइएको छ ।

डियुटी सकेर पेस्तोल चेकजाँच गर्ने क्रममा उक्त गोली फायर प्रहरीले जनाएको छ । घटनाको अनुसन्धान जारी रहेको महानगरीय प्रहरी कार्यालय रानीपोखरीका प्रवक्ता प्रहरी उपरीक्षक सुशीलसिंह राठौरले जानकारी दिनुभयो ।

# 'एमालेमा युवाको आकर्षण बढिरहेको छ'

**पोखरापत्र संवाददाता**
**लमजुङ, १० कार्तिक**




नेकपा एमालेका सचिव पृथ्वीसुब्बा गुरुङले नेकपा एमालेमा युवाको आकर्षण बढीरहेको बताउनुभएको छ ।

प्रेस चौतारी नेपाल लमजुङ शाखाद्वारा बुधबार बेँसीशहरमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा उहाँले भन्नुभयो, "एमालेको वडा तथा पालिका अधिवेशनमा युवापङ्क्ति नेतृत्वमा आइरहेकाले यसप्रति उनीहरूको आकर्षण बढ्दै गएको हो ।"

सचिव गुरुङले एमालेलाई नेपाली समाजको चरित्र, बनावट र स्वरुप जस्तै बनाउनुपर्ने आवश्यकता रहेको उल्लेख गर्दै अब एमाले पार्टीको अभियान एक घर एक सदस्य रहेकाले यसतर्फ अग्रसर हुन पार्टीका सबै नेता तथा कार्यकर्तालाई आग्रह गर्नुभयो ।

# कांग्रेस महाधिवेशनको मंसिर २७ देखि २९ सम्म गर्ने प्रस्ताव

**रासस**
**काठमाडौं, १० कार्तिक**

नेपाली कांग्रेसले पार्टीको १४औं महाधिवेशनको मिति परिमार्जन गर्दै आगामी मङ्सिर २७ देखि २९ गतेसम्म गर्ने गरी नयाँ कार्यतालिका प्रस्ताव गरेको छ ।

पार्टीको केन्द्रीय निर्वाचन समितिको आज बसेको बैठकले महाधिवेशनको नयाँ मितिसँगै निर्धारित समयमा हुन नसकेको बाँकी अधिवेशनको कार्यतालिका पनि तय गरेको समिति संयोजक महादेवप्रसाद यादवले जानकारी दिनुभयो । नयाँ तालिकाअनुसार हालसम्म वडा अधिवेशन प्रारम्भ हुन नसकेका १३ जिल्लाको अधिवेशन यही कात्तिक २७ गतेदेखि प्रारम्भ गर्ने तय गरिएको छ । यसैगरी जिल्ला अधिवेशन हुन बाँकी जिल्लाको अधिवेशन मङ्सिर १० गते तथा प्रदेश अधिवेशन मङ्सिर १६ र १७ गते गर्ने तय गरिएको उहाँले बताउनुभयो । कांग्रेसले यसअघि महाधिवेशन मिति मङ्सिर ९ देखि १३ गतेसम्म निर्धारण गरिएको थियो । पार्टीले गत भदौ १८ गतेदेखि वडा अधिवेशन प्रारम्भ गरेको भने हालसम्म १३ हिमाली जिल्लामा जिल्ला अधिवेशन सम्पन्न गरिसकेको छ । यसबाहेक ४७ जिल्लामा पालिकास्तरको अधिवेशन सम्पन्न भइसकेको र बाँकी चार जिल्लामा वडा अधिवेशन सम्पन्न भई केहीबाहेक पालिकास्तरको अधिवेशन सम्पन्न भएको संयोजक यादवले बताउनुभयो ।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

सवैको निन्दा सुन तर आफ्नो फैसलालाई भने गोप्य नै राख।

- शेक्सपियर

## सम्पादकीय

# पानीमाथिको ओभानो

सर्वोच्च अदालतभित्र विकृति विसंगति, रहेको सर्वोच्चका न्यायाधीशको प्रतिवेदन औल्याएको छ। न्यायाधीश हरिकृष्ण कार्की नेतृत्वको आयोगले तयार पारेको प्रतिवेदनमा अदालतको बेथिती र विसंगत केलाउन खोजिएको छ। नेपालमा न्यायलय र न्यायाधीशहरु विवादमा पर्ने गरेका उदाहरण धेरै छन् । हिजो पनि न्यायधीशहरु विवादित थिए र आज पनि उनीहरु विवादित छन्। आजको विवादको मुल स्रोत न्यायधीशहरुले न्यायसम्पादन गर्न छोडेर राजनीतिक सक्रियता प्रदर्शन गरेपछि देखिएको हो। यतिवेला सर्वोच्च न्यायलयमा देखिएका विकृति र विसंगतिलाई आधार बनाउँदै प्रधानन्यायधीश चोलेन्द्र शमशेर राणाको राजीनामा मागिएको छ र त्यसमा पुर्व प्रधानन्यायाधीशहरु केही वरिष्ठ वकिलहरु समेत सक्रियतापुर्वक राजीनामा गराउन लागेका छन्। न्यायलयलाई चलाउन न्यायलयबाहिर बनेको पुर्वप्रधानन्यायाधीशहरुको गठबन्धन आफैमा आपत्तिजनक छ। फेरि उक्त गठबन्धनको उदेश्य न्यायलयको निष्पक्षता र मर्यादा स्थापित गर्ने नभएर प्रधानन्यायधीश राणाविरुद्ध बढि लक्षित देखिन्छ। यी पुर्व प्रधानन्यायाधीशहरुले यसअघि पनि चाहे प्रतिनिधिसभा विघठनको मुद्धामा होस वा शेरवहादुर देउवालाई प्रधानमन्त्री बनाउने परमादेशका सन्दर्भमा होस सर्वोच्च माथी तिब्र दबाव सिर्जना गरेका थिए।

प्रधानन्यायाधीश राणाले राजीनामा दिंदा न्यायलयको साख जोगिने वा नदिंदा साख गिर्ने होइन । किनकि यो विकृतिको स्रोत प्रधानन्यायाधीश राणामात्र होइनन् सवैंधानिक इजलासमा बस्ने पाँचजना न्यायधीश हुन्। जसले न्यायिक निष्पक्षता गर्नुपर्नेमा सक्रिय राजनीति गरे । दुनियाँमा कही पनि अदालतले प्रधानमन्त्री तोक्दैन् । संसदीय व्यवस्थाको बिरुद्धको यस्तो अलौकिक उदाहरण नेपाल मात्र हो। जहाँ सर्वोच्च अदालतले घण्टा तोकेर कोही व्यक्तिलाई प्रधानमन्त्री बनाउन परमादेश जारी गऱ्यो । न्यायको सिद्धान्तअनुसार अदालतले प्रतिनिधिसभा पुर्नस्थापना गरेर संसदबाटै प्रधानमन्त्री निर्वाचित हुने आदेशपनि दिन सक्थ्यो र उक्त आदेश स्वभाविक मानिन्थ्यो तर शक्ति सन्तुलनको सिद्धान्त विपरित संसदीय सर्वोच्चताको मान्यता विपरित र संविधानको अपव्याख्या गरि जनादेश विपरित देउवालाई प्रधानमन्त्री बनाउन जसरी परमादेश जारी गरियो अहिले अदालतमा देखिएको विकृतिको मुहान नै यहि परमादेश हो। गजब के छ भने, प्रधानन्यायाधीश राणा लाई बदर गरि देउवालाई प्रधानमन्त्री बनाउन परमादेश जारी गर्दा यीनै अहिले प्रधानन्यायाधीशको राजीनामा माग्नेहरुले हर्षबढाई गरेका थिए। खुसीमा लडडु खाएका थिए र न्यायलयले निष्पक्ष न्यायसम्पादन गरयो भ र अहिले त्यही सेटिङ्गले जन्माएका सहायक प्रभावको बि र उनले न्यायलयको सहि नेतृत्व गरेका छन् भन्ने होइन।

राणाले राजनीतिक झगडियाहरुलाई उचाल्ने पछार्ने र एउटासँग सेटिङ्ग गरेर राजनीतिक लाभ लिने खालका कामहरु गरेको प्रष्टै छ । तर त्यसको अर्थ राणाको बर्हिगमन हुनुपर्छ र संवैधानिक इजलासमा बसेका अन्य चारजना न्यायधीशलाई उन्मुक्ति दिनुपर्छ भन्ने होइन । वास्तवमै न्यायको केन्द्र बनाउने हो भने प्रधानन्यायाधीश राणासहित संवैधानिक इजलासमा बसेका पाँचै जना न्यायधीशले राजीनामा दिनुपर्छ । अमुक पार्टीबिरुद्ध षडयन्त्र गर्ने, अमुक पार्टीका अमुक नेतालाई जिताउने तर न्याय पराजित हुने कुकर्ममा संलग्न न्यायधीशहरु को सामूहीक बर्हिगमन भएमा मात्र न्यायलयको गरिमा र सम्मान पुर्नस्थापित हुन सक्छ। न्यायलयमा भएका विकृति विसंगतिको सवै दोष प्रधानन्यायाधीश राणालाई लगाएर राजनीतिमा सक्रिय भएका न्यायाधीशहरुले कुनैपनि हालतमा उन्मुक्ति पाउनु हुँदैन्।

ततकालीन प्रधानमन्त्री केपीशर्मा ओलीले आफूलाई काम गर्न नदिएर चौतर्फी घेराबन्दीको प्रयास भएपछि प्रतिनिधिसभा विगठनको सिफारिस गर्दै निर्वाचनको नयाँ मितिसमेत घोषणा गर्नुभएको थियो त्यो संविधान विपरितको निर्णय थिएन् । तरपनि न्यायलयको फैसलालाई सम्मान गर्नु एउटा लोकतान्त्रिक र जनताले सवैभन्दा बढि विश्वास गरेको नेकपा एमालेको कर्तव्य हुन्थ्यो र एमाले अध्यक्ष ओलीसहित एमालेका सवै नेता कार्यकर्ताले अदालतको फैसलाको सम्मान गरेका हुन् तर प्रतिनिधिसभा पुर्नस्थापनापछि जसरी संसद गतिहीन, बिकृति र बिसंगतिको थलो बन्दैछ र परमादेशी सरकार जसरी एकपछि अर्का विवादमा फस्दैछ यी सबैले फेरिपनि देशले जनताको ताजा जनादेश खोजेको प्रष्ट हुन्छ। यद्यपी, यो राजनीतिक बिषय भयो यसमा राजनीतिक दलहरुले नै निर्णय लिने हुन् । अहिलेको समस्या भनेको न्यायलयको गरिमा कायम गर्नेसँग जोडिएको छ त्यसको समाधान प्रधानन्यायनधीशले राजिनामा दिंदैमा मात्र हुन्दैन राजीनामा नै दिने भए सवैधानिक इजलासमा बस्ने सबै न्यायधीशले दिनुपर्छ। र अर्को न्यायधीश हरिकृष्ण कार्कीको प्रतिवेदनले औल्याएका बेथीति बिरुद्धका उपाय कार्यान्व्यन गर्न न्यायलय लाग्नुपर्छ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : शत्रुको भय |
| वृष | : झमेला बड्ने | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : आर्थिक समस्या | धनु | : कार्यमा सफलता |
| कर्कट | : शारीरिक झमेला | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# ऋण काढेर वडावासीलाई खानेपानी

**रासस**
**तनहुँ, १० कार्तिक**

व्यासनगरपालिका-१ स्थित भादगाउँ करादी खिरखाँदी खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले दातृ निकायसँग ऋण काढेर भएपनि उपभोक्तालाई खानेपानी उपलब्ध गराउने भएको छ।

मादी नदी लिफ्टिङ खानेपानी आयोजनाका लागि बुझाउनुपर्ने रकम अपुग भएपछि समितिले नगर विकास कोषसँग ऋण लिन लागेको हो। करिब रु २६ करोडको लगानीमा सम्पन्न हुने उक्त आयोजनाका लागि समितिले बुझाउनुपर्ने रकमका लागि ऋण माग गरिएको समितिका व्यवस्थापक ईश्वर श्रेष्ठले जानकारी दिनुभयो । नेपालभरिको खानेपानी संस्थामध्ये दश वटा खानेपानी आयोजनाभित्र भादगाउँ करादी खिरखाँदी खानेपानी संस्था पनि छनोट भएको छ । नेपाल सरकारको ७० प्रतिशत र ३० प्रतिशत खानेपानी संस्थाले बेहनुपर्ने हुँदा रकम जुटाउन नसक्दा ऋण लिएर आयोजना सम्पन्न गर्न लागेको समितिले जनाएको छ । संस्थाले जम्मा गर्नुपर्ने ३० प्रतिशतमा ५ प्रतिशत नगद जम्मा गरिसकेको र २५ प्रतिशत अपुग हुने देखिएपछि ऋण लिएर भए पनि वडावासीलाई पानी वितरण गर्ने लक्ष्य राखेको छ।

ऋणका लागि आवश्यक पर्ने सम्पूर्ण कागजात पेश गरी प्रक्रियामा राखिएको संस्थाका अध्यक्ष चिजबहादुर दरैले जानकारी दिनुभयो । "ऋण लिएपछि किस्ताबन्दी रूपमा भुक्तानी गर्नुपर्ने हुन्छ", उहाँले भन्नुभयो, "उक्त आयोजना निर्माण सम्पन्न पश्चात व्यास नगरपालिका-१ का पूरै र वडा नं १२ का केही बासिन्दालाई दीर्घकालीन रूपमा खानेपानीको समस्याको अन्त्य हुन्छ ।" विसं २०५६ मा उक्त खानेपानी संस्था स्थापना भई ५२ वटा सार्वजनिक धाराबाट सुरुवात भई हालसम्म २५०० बढी निजी धारा जडान गरिसकेको छ।

# थप ६७२ सङ्क्रमित

**रासस**
**काठमाडौं, १० कार्तिक**

नेपालमा पछिल्लो २४ घण्टामा कोरोना भाइरसका ६७२ मा सङ्क्रमित देखिएका छन् । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आज सार्वजनिक गरेको तथ्याङ्कमा नौ हजार ४९५ मा कोरोना परीक्षण गर्दा सो सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो।

बुधबार थपिएकासँगै देशभर सक्रिय सङ्क्रमित १० हजार ३७५ रहेका छन् । त्यसैगरी पछिल्लो २४ घण्टामा ४९५ जना सङ्क्रमणमुक्त भएका छन् । यससँगै नेपालमा हालसम्म सङ्क्रमणमुक्त हुनेको सङ्ख्या सात लाख ८९ हजार १२५ रहेको छ। नेपालमा सङ्क्रमणमुक्त हुने दर ९७.३ प्रतिशत रहेको छ।

यसैगरी बुधबार कोरोना सङ्क्रमणबाट आठ जनाको निधन भएको छ । अहिलेसम्म सङ्क्रमणबाट ११ हजार ३८० को निधन भएको छ। त्यस्तै पछिल्लो समय ७७ हजार २०७ ले खोप लगाएका छन्। हाल मृत्युदर एक दशमलव चार प्रतिशत रहेको पनि मन्त्रालयले जनाएको छ।

# स्याङ्जाको नौ पालिकामा नेतृत्व चयन

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, १० कार्तिक**

स्याङ्जाको ११ मध्ये नौ पालिकामा नेकपा (एमाले)को नेतृत्व चयन प्रक्रिया सम्पन्न भएको छ।

अधिवेशनमा जिल्लाको फेदीखोला, आँधीखोला, हरिनास, अर्जुनचौपारी, कालीगण्डकी, बिरुवा गाउँपालिका, भिरकोट, गल्याङर चापाकोट नगरपालिकामा नेतृत्व चयन प्रकिया सम्पन्न भएको छ। पुतलीबजार र वालिङ नगरपालिकामा सर्वसम्मतरूपमा नेतृत्व चयनका लागि प्रयास भइरहेको नेकपा (एमाले) स्याङ्जाले जनाएको छ। पुतली बजार नगरपालिकामा महेश पुरी, अमृत श्रेष्ठ, ओम खड्का, अशोक शर्मा, भरत गोदारलगायतले अध्यक्षमा दाबी गर्नुभएको छ । वालिङमा पुण्यप्रसाद अर्याल, शोभाकान्त पौडेल र यामकान्त खनालले नेतृत्वका लागि दाबी गर्नुभएको छ । सहमतिका आधारमा नेतृत्व चनयका लागि छलफल भइरहेको एमाले सचिवालय सदस्य राजेन्द्र डुम्रेले जानकारी दिनुभयो।

# 'जबज' लाई पाठ्यक्रममा समावेशको पहल

**रासस**
**काठमाडौं, १० कार्तिक**

जननेता मदनकुमार भण्डारीद्वारा प्रतिपादित 'जनताको बहुदलीय जनवाद' का विशेषतालाई विश्वविद्यालय शिक्षाका पाठ्यक्रममा समावेश गर्ने विषयमा आज विभिन्न विषय विज्ञ र विभागीय प्रमुखसँग परामर्श भएको छ।

मदन भण्डारी फाउण्डेशनको आयोजनामा भएको कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका केन्द्रीय नेपाली विभाग, आमसञ्चार तथा पत्रकारिता विभाग, जल तथा मौसम विभाग, अर्थशास्त्र, समाजशास्त्र, भूगोल, इतिहासलगायत विभागका प्रमुख तथा प्राध्यापकको सहभागिता थियो । कार्यक्रममा नेकपा (एमाले) का स्थायी कमिटी सदस्य शङ्कर पोखरेलले जबजलाई एमालेले पार्टीको मार्गदर्शन सिद्धान्त बनाए पनि यो मुलुक र विश्व कम्युनिष्ट आन्दोलनका लागि एक मौलिक सिद्धान्त भएकाले यसलाई केन्द्रमा राखेर विश्वविद्यालयमा अध्ययन, अनुसन्धान गर्न गराउन आवश्यक रहेको बताउनुभयो।

## विमा लेख हरायो

कास्की जिल्ला साविक निर्मलपोखरी गा.वि.स. वडा नं. ९, हाल पोखरा-२१ स्थायी घर भई हेटौडा बस्ने कृष्ण प्रसाद पराजुलीको नेपाल लाइफ इन्स्योरेन्स कं. लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख हेटौडाबाट पोखरा आउँदा २०७८/०५/१० गते हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु।

विमा लेख नं. ३०१०१११०५ अभिकर्ता नं. ०२३९७३०१

सम्पर्क : नेपाल लाइफ इन्स्योरेन्स कं. लि. पोखरा शाखा

फोनः ९८४५६३८०५५, ९८५६०१५८१६

# गाईघाट-सानुभञ्ज्याङ कृषि सडक सञ्चालन

**पोखरापत्र संवाददाता**
**तनहुँ, १० कार्तिक**

देवघाटको गाईघाट सानुभञ्ज्याङ कृषि सडक दस दिनपछि सञ्चालन आएको छ । सो सडक अन्तर्गत मान्द्रे पाखामा गत असोज ३१ मा पहिरा जाँदा अवरुद्ध भएको थियो । देवघाट गाउँपालिका-४ का युवाका सक्रियतामा पहिरो पन्छाउने काम सम्पन्न भएको थियो।

सडक अवरुद्ध हुँदा स्थानीयवासीले सास्ती खेप्नु परेको थियो। सो सडक खण्डलाई

सरकारले वैकल्पिक राजमार्गका रूपमा विकास गर्न लागेको छ । जिल्लाका देवघाट, ऋषिङ र घिरिङ गाउँपालिका र तीन प्रदेश छुने भएकाले सो सडकलाई वैकल्पिक राजमार्गका रूपमा विकास गर्न प्राथमिकता दिइएको हो । सो सडकले ३ नं प्रदेशको चितवन,४ नं प्रदेशको गण्डकी र प्रदेश नं ५ को पाल्पासम्म जोड्ने छ।

# शहीद स्मृति उद्यानको मुहार फेरिँदै

**पोखरापत्र संवाददाता**
**बागलुङ, १० कार्तिक**

दुरावस्थाबाट गुज्रेका यहाँका दुई उद्यानको पुनर्निर्माण थालिएको छ । संरक्षण अभावमा बिरूप बनेको वीरेन्द्र-ऐश्वर्य र शहीद स्मृति उद्यानको मुहार फेरिने भएको हो।

सदरमुकाममा रहेका पुराना उद्यानको सौन्दर्य फर्काउन बागलुङ नगरपालिका लागिपरेको छ। सहरी आकर्षण थप्न बनाइएका ती उद्यान वर्षौंदेखि अलपत्र थिए। उद्यानको कन्तबिजोग देखेका सर्वसाधारण र सञ्चारक्षेत्रबाट पनि आलोचना हुँदै आएको थियो । राससले गत वर्ष साउनमा 'मानिसलाई गिज्याइरहेका उद्यान' शीर्षकमा आलेख सम्प्रेषण गरेको थियो। नगरप्रमुख जनकराज पौडेलले यही वर्षभित्र दुवै उद्यानलाई हेर्न लायक बनाइछाडिने बताउनुभयो । उहाँका अनुसार वीरेन्द्र-ऐश्वर्य उद्यान बोलपत्रमार्फत पुनर्निर्माणको प्रक्रियामा गइसकेको छ। 'एए कन्स्ट्रक्सन'ले रु एक करोडमा कामको जिम्मा लिएको हो।

नगरपालिकाका इन्जिनियर मनोज शर्माले सो उद्यानमा दसैंअगावै देखि काम नलाग्ने संरचना हटाउने, झाडी सफाइलगायत काम सुरु भएको बताउनुभयो। "निर्माण कम्पनीले चार महिनाभित्रैमा काम सक्ने प्रतिबद्धता जनाएको छ," उहाँले भन्नुभयो।

उद्यानमा पानीको फोहोरा (वाटर फाउन्टेन), बालबालिका खेल्ने/रमाउने स्थल, विश्रामपाटी, बगैँचा, फुटपाथलगायत संरचना बन्ने इन्जिनियर शर्माले बताउनुभयो । "उद्यानको बीचमा कलात्मक वाटर फाउन्टेन बन्छ, रातको समयमा पनि आकर्षण दिन त्यही किसिमले बत्तीको प्रयोग हुन्छ," उहाँले भन्नुभयो, "सबै संरचना कलागत र पर्यटनमैत्री हिसाबले बन्छन्, उद्यान चिटिक्कको देखिनेछ।"

उद्यान रहेको जमिन सडकभन्दा तल रहेकाले वर्षायाममा पानी जम्ने समस्या हटाउन एक हात माथिसम्म माटो थपेर तहसमेत मिलाइने भएको छ। नगरपालिकाको आफ्नै बजेटबाट सो उद्यानको पुनर्निर्माण र सौन्दर्यीकरण गर्न लागिएको हो।

बागलुङबजारको मुटुमा रहेको उक्त उद्यान तत्कालीन राजा वीरेन्द्र र ऐश्वर्यको नाममा विसं २०३२ मा बनेको थियो । ०६२/६३ को जनआन्दोलनमा त्यहाँ रहेको राजा-रानीको सालिक तोडिएपछि उद्यान लथालिङ्ग अवस्थामा पुगेको थियो । त्यसबेला निर्मित कला, कौशलयुक्त संरचना जीर्ण भई अलपत्र परेका थिए। रेखदेख नहुँदा बगैँचा झाडीमा फेरिएको थियो।

अब उद्यानले नयाँ स्वरुप ग्रहण गरेपछि त्यसको संरक्षण र व्यवस्थापनमा कमी हुन नदिइने नगरप्रमुख पौडेलले बताउनुभयो । "दसैँमा कामदार घर गएकाले केही दिन निर्माण रोकिएको थियो, अब फटाफट काम हुन्छ," उहाँले भन्नुभयो, "बढीमा चार महिनाभित्रमा उद्यानको मुहार फेरिन्छ, हेर्नलायक बन्छ।"

विसं २०५७ मा निर्मित शहीद स्मृति उद्यानको सौन्दर्यीकरण योजनालाई पनि नगरपालिकाले गति दिएको छ। गत आवमा वन तथा वातावरण मन्त्रालयको सहरी वन विकास कार्यक्रममार्फत रु ४२ लाख खर्चेर उद्यानमा पूर्वाधारको काम गरिएको इन्जिनियर शर्माले बताउनुभयो । मन्त्रालयको रु २४ लाख, नगरपालिकाको १० लाख र बाँकी उपभोक्ता समितिको लगानीबाट शहीदका सालिक रहेको संरचना सुधार, पर्खाल निर्माण, घेराबार, दुबो रोपण, बगैँचा विस्तारलगायत काम भएको थियो। सहरी क्षेत्रमा हरियाली प्रवर्द्धन तथा रमणीय वातावरण विकासका लागि मन्त्रालयले स्थानीय तहसँगको साझेदारीमा सो कार्यक्रम सञ्चालन गर्दै आएको छ। चालु आवमा पनि नगरपालिकाले सोही कार्यक्रमका लागि रु एक करोडको योजना प्रस्ताव गरेको छ। प्रस्ताव स्वीकृत भएमा नगरको ७० र मन्त्रालयको ३० प्रतिशत लगानीमा उद्यान विकास र व्यवस्थापनको काम हुने इन्जिनियर शर्माको भनाइ छ। यसअघि नियमित रेखदेख तथा संरक्षण नहुँदा उद्यान अलपत्र परेपछि नगरपालिकाले माली र कर्मचारी नियुक्तिका लागि पनि प्रक्रिया अगाडि बढाएको छ । उद्यानमा शहीद धर्मभक्त माथेमा, गङ्गालाल श्रेष्ठ, शुक्रराज शास्त्री, दशरथ चन्द र थीरबम मल्लको सालिक छ। उद्यान अलपत्र परेपछि शहीदका सालिक पनि जीर्ण बनेका थिए।

सुधारको काम थालिएपछि उद्यानको स्वरुप केही बदलिएको छ । संरक्षण र व्यवस्थापन नभएपछि सो उद्यानमा वर्षौं अघिदेखि नगरपालिका र अन्य सरकारी निकायले गरेको लगानी खेर गइरहेको थियो । २९ रोपनी क्षेत्रफलमा फैलिएको उद्यानमा पछिल्ला वर्षमा मात्रै नगरपालिकाले सहरी शासकीय क्षमता सुधार कार्यक्रममार्फत झण्डै रु एक करोड र प्रभु बैङ्कले रु १५ लाख खर्चेको थियो। दुवै उद्यान नगरको सम्पत्ति भएकाले त्यसको संरक्षण र व्यवस्थापनमा नगरपालिका नै बढी जिम्मेवार हुनुपर्ने वीरेन्द्र-ऐश्वर्य उद्यानका पूर्वाध्यक्ष एवं संरक्षक शैलेन्द्रकुमार श्रेष्ठले बताउनुभयो । उहाँले जनस्तरबाट सहयोग जुटाएर जग्गा खरिद गरी उद्यान बनाइएको स्मरण गर्नुभयो । सो उद्यान संस्थाअन्तर्गत जिल्ला प्रशासन कार्यालयमा दर्ता रहेको उहाँको भनाइ छ। वीरेन्द्र-ऐश्वर्य उद्यानका नाममा लालपुर्जासमेत छ।

भताभुङ्ग अवस्थामा पुगेको उद्यान पुनर्निर्माणमा नगरपालिकाले लगानी र चासो लिएकामा श्रेष्ठले खुसी व्यक्त गर्नुभयो। नगरपालिकाले उद्यान व्यवस्थापन र संरक्षणको दीर्घकालीन योजना बनाउनुपर्ने उहाँको सुझाव छ। बागलुङबजारमा आवदी बढेका बेला स्वच्छ हावा दिने सार्वजनिक उद्यानको व्यवस्थित विकास गरिनुपर्नेमा संरक्षक श्रेष्ठको जोड छ। यी दुई उद्यानको सौन्दर्यीकरण योजनाले गति लिइरहेका बेला सदरमुकामकै अर्को अलपत्र मदन-आश्रित स्मृति उद्यानको संरक्षण र व्यवस्थापनका लागि सरोकार भएका पक्षमाथि दबाब बढेको छ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

